वस्तुगत प्रश्नोत्तर

१. **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गठन गरेको नेपालको विद्यालय शिक्षा पद्धतिमा अक्षराङ्कन पद्धतिसम्बन्धी अध्ययन कार्यदलले 'डी' ग्रेड अर्थात् जीपीए १.६ हासिल नगरेका सम्बन्धमा के सिफारिस गरेको छ ?**

✍ मूल प्रमाणपत्र उपलब्ध नगराउने ।

- कार्यदलले ३५ प्रतिशतभन्दा कम प्राप्त गर्नेको ग्रेड वा जीपीए मूल्याङ्कन नगरी प्रमाणपत्रमा 'नन ग्रेडेड' उल्लेख गर्न सिफारिस गरेको । 'नन ग्रेडेड' प्राप्त गर्नेलाई मूल प्रमाणपत्र उपलब्ध नगराई ग्रेडसिटमात्र उपलब्ध गराउन सिफारिस गरिएको ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीमा अक्षराङ्कन पद्धतिले सिकाइ र पढाइको गुणस्तर खस्किन थालेको भन्दै विषयगत रूपमा न्यूनतम ३५ प्रतिशत हासिल नगरेकालाई सो व्यवस्था गर्नका लागि सिफारिस गरिएको ।
- हाल कक्षा ८ देखि १२ सम्मका परीक्षामा सहभागी भएका सबैले 'कम्प्लिटेड' भनेर मूल प्रमाणपत्र पाउने गरेका छन् । हालको अभ्यासमा परीक्षामा विषयगत रूपमा ३० देखि ४० प्रतिशतसम्म प्राप्त भएमा त्यसलाई 'डी' प्लस र २० देखि ३० प्रतिशतसम्म प्राप्त गरेमा त्यसलाई 'डी' ग्रेडमा मूल्याङ्कन गर्ने गरिएको ।

२. **सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा जङ्क फुड (पत्रुखाना) खुवाउन नपाइने व्यवस्था कहिले गरेको हो ?**

✍ विक्रम संवत् २०७७ फागुन ३ ।

- शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीले 'विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका' सार्वजनिक (२०७७ फागुन ३) गर्दै सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवाखाजामा जङ्क फुड खुवाउन निषेध गरिएको ।
- स्थानीयस्तरमा उत्पादन हुने खानेकुरालाई नै प्राथमिकतामा राख्दै विभिन्न ६० प्रकारका 'मेनु' तयार गरेर पुस्तिका सार्वजनिक गरिएको ।
- सरकारले विद्यार्थीलाई दिवाखाजाका लागि सात अर्ब ७२ करोड ९३ लाख ३० हजार विद्यालयलाई प्रदान गरेको । सोअन्तर्गत देशभरिका २९ लाख ४० हजार ७८९ विद्यार्थीलाई विद्यालयमा दैनिक खाजा निःशुल्क उपलब्ध गराइने । सरकारले कर्णालीमा प्रति विद्यार्थीलाई दैनिक २० रुपियाँ र अन्य क्षेत्रमा १५ का दरले दिवाखाजाको रकम उपलब्ध गराउने भएको ।

३. **चीनले आफ्नो राष्ट्रिय सेनालाई आधुनिक उच्च प्रविधियुक्त बनाउने गरी राष्ट्रिय प्रतिरक्षा योजना कहिले सार्वजनिक गरेको हो ?**

✍ सन् २०१९ जुलाई २४ ।

- प्रतिरक्षा योजना सन् २०१२ यता पहिलोपटक सार्वजनिक गरिएको ।
- विश्वमा सबैभन्दा बढी सैनिक रहेको चीन प्रतिरक्षामा सबैभन्दा बढी खर्च गर्ने मुलुकको सूचीमा विश्वमै दोस्रो स्थानमा पर्ने । यस सूचीमा अमेरिका पहिलो स्थानमा रहेको ।

४. **वर्तमान संविधानको कुन धारामा उच्च अदालतसम्बन्धी व्यवस्था रहेको छ ?**

✍ धारा १३९ ।

- (प्रत्येक प्रदेशमा एक उच्च अदालत रहनेछ । उच्च अदालतले आफ्नो र आफ्नामातहतका अदालत वा न्यायिक निकायबाट हुने न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।
- प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त सङ्घीय कानुनमा व्यवस्था भएबमोजिमको सङ्ख्यामा न्यायाधीशहरू रहनेछन् ।)

५. **सबैका लागि न्याय सुनिश्चित गर्ने मूल लक्ष्यसहित न्यायपालिकाको चौथो रणनीतिक योजना कहिलेदेखि लागू भएको हो ?**

✍ विसं २०७६ साउन १ ।

- विसं २०६१ देखि सुरु भएको योजनाबद्ध न्यायालय सुधार अभियानअन्तर्गत चौथो पञ्चवर्षीय रणनीतिक योजना लागू भएको । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराद्वारा २०७६ असार ३१ मा सो योजना सार्वजनिक गरिएको । योजना २०८१ असार मसान्तसम्म कार्यान्वयनमा रहनेछ ।

६. **नेपालको कुन सङ्ग्रहालयमा चन्द्र चट्टान सङ्ग्रह गरिएको छ ?**

✍ छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालय ।

- सन् १९६९ जुलाई २० मा पहिलोपटक चन्द्रमामा पुगेका अमेरिकी अन्तरीक्ष यात्रीले ल्याएका चन्द्र चट्टानमध्ये केही टुक्रा नेपालमा पनि ल्याइएको र ती टुक्रा राष्ट्रिय सङ्ग्रहालयमा सङ्ग्रह गरिएको ।
- तीन अमेरिकी अन्तरीक्ष यात्री निल आर्मस्ट्रङ, एड्विन अल्ड्रिन र माइकल कोलिन्स सन् १९६९ जुलाई १६ मा एपोलो ११ नामक यानमार्फत चन्द्रमाका लागि प्रस्थान गरेका र जुलाई २० मा चन्द्र धरातलमा पुगेका ।
- यानबाट पहिलोपटक चन्द्रमाको सतहमा पाइला राख्ने आर्मस्ट्रङ तथा दोस्रोमा अल्ड्रिन थिए ।
- एपोलो ११ ले ल्याएका चट्टानका चारवटा टुक्रा विसं २०२७ मा अमेरिकी सरकारका तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो ।
- सोपश्चात् नासाको एपोलो १७ मार्फत ल्याइएको एक टुक्रा चट्टान पनि राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शनीमा राखिएको छ ।

७. **बङ्गलादेशको मुद्रालाई टाका भनिन्छ भने भुटानको मुद्रालाई के भनिन्छ ?**

✍ नेगुल्ट्रम ।

८. **प्रसिद्ध समाजसेवी तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरिएको चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?**

✍ भीमशमशेर ।

९. **चलचित्रका क्षेत्रमा नोबेल पुरस्कारका रूपमा मानिने प्रसिद्ध ओस्कार अवार्ड पहिलोपटक कहिले प्रदान गरिएको थियो ?**

✍ सन् १९२९ ।

- (सन् १९२९ मा स्थापित यो पुरस्कार पहिलोपटक सन् १९२९ मा 'विङ्स' चलचित्रलाई प्रदान गरिएको थियो ।)

१०. **नेपालमा सर्वप्रथम हुलाक टिकटको प्रकाशन कहिले गरियो ?**

✍ विसं १९३८ ।

११. **विसं २०७५ मा मनाइएको प्रथम 'राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस'को नारा के हो ?**

✍ सूचना तथा सञ्चार प्रविधिको विस्तार, सुशासन र समृद्धिको आधार ।

१२. **राष्ट्रिय महिला आयोगद्वारा निःशुल्क हेल्पलाइन सेवा 'खबर गरौं ११४५' कहिलेदेखि सञ्चालन गरिएको हो ?**

✍ विसं २०७४ मङ्सिर २५ ।

१३. **राणाकालीन समयमा नेपालमा कतिजना प्रधानमन्त्री भएका थिए ?**

✍ १० जना ।

१४. **नेपाल विद्युत् प्राधिकरणले अनलाइन प्रणालीबाट विद्युत् महसुल तिर्न सक्ने व्यवस्था कहिलेदेखि गरेको हो ?**

✍ विसं २०७४ भदौ ५ ।

१५. **आन्तरिक राजस्व विभागले केन्द्रीय विजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?**

✍ विसं २०७४ मङ्सिर १ ।

१६. **काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि द्रुत कार्यान्वयन टोली (क्वीक एक्सन टीम)को गठन कहिले गरिएको हो ?**

✍ विसं २०७४ मङ्सिर १ ।

१७. **पाटनको सुन्दरीचोक सर्वसाधारणका लागि कहिलेदेखि खुला गरिएको हो ?**

✍ विसं २०७४ कात्तिक १२ ।

१८. **राष्ट्र बैङ्कको अनुमतिविना वित्तीय संस्थाले विदेशी निकायको पुरस्कार वा सम्मान ग्रहण गर्न नपाउने व्यवस्था कहिलेदेखि लागू भएको हो ?**

✍ विसं २०७४ पुस ११ ।

१९. **विष्णुका दस अवतार के-के हुन् ?**

✍ मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र बल्की

२०. **"सुस्वास्थ्य उत्कृष्ट उपहार हो भने सन्तुष्टि उत्कृष्ट सम्पत्ति हो" भन्ने विचारक को हुन् ?**

✍ गौतम बुद्ध ।

२१. **प्रशासकीय पुनर्गठन योजना आयोग-२०१३ कसको अध्यक्षतामा गठित आयोग हो ?**

✍ टङ्कप्रसाद आचार्य ।

२२. **एक वडा एक कालोपत्रे सडक आयोजना तय गर्ने स्थानीय तह कुन हो ?**

✍ फुङलिङ नगरपालिका, ताप्लेजुङ ।

२३. **'हाइवे अफ स्पेसियल प्रोग्राम' केसँग सम्बन्धित छ ?**

✍ एक गाउँ एक उत्पादन ।

२४. **महाहन्ट अप्रेसन केसँग सम्बन्धित छ ?**

✍ दुर्लभ वन्यजन्तु र वनस्पति संरक्षण ।

२५. **राष्ट्रिय योजना आयोगद्वारा दोस्रो बहुपक्षीय पोषण आयोजना (सन् २०१८-२०२२) कहिले सार्वजनिक गरियो ?**

✍ विसं २०७४ मङ्सिर २८ ।

- (पहिलो बहुपक्षीय पोषण योजना : सन् २०१३-२०१७)
- सो पोषण आयोजनाअनुसार सन् २०२२ सम्ममा कुपोषणलाई २४ प्रतिशतमा झार्ने, पाचँ वर्षमुनिको पुड्कोपन तीन प्रतिशतबाट २० प्रतिशतमा झार्ने, कम तौल भएका बालबालिकाको अनुपात २७ प्रतिशतबाट १२ प्रतिशतमा झार्ने लक्ष्य रहेको ।
- सो योजना देशभर नै सञ्चालन हुने ।

२६. **मनमोहक विचित्र गुफा कहाँ रहेको छ ?**

✍ गुल्मी ।

- गुफा करिब एक सय ८५ मिटर लामो रहेको ।
- गुफाको मुख्य प्रवेशद्वारबाट झन्डै एक सय ५० मिटर भित्र पुगेपछि पाँच सयजनासम्म अट्ने स्थान रहेको जसलाई सभाहल नामकरण गरिएको । त्यस्तै, गुफामा

शिवालय, राम र कृष्णको प्रतीक, विभिन्न नागका आकृति, गोपीकृष्ण, जटायुलगायतका आकृति रहेको । गुल्मी सदरमुकाम तम्घासबाट चार कोस टाढा रहेको यो गुफा २०४५ सालमा ढँडु लखेट्दै जानेक्रममा फेलापरेको स्थानीयले बताएका ।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

के हो शक्ति पृथकीकरण ?

१. **शक्ति पृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रण भनेको के हो ? नेपालको संविधानमा यससम्बन्धी के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको शक्ति राज्यशक्ति हो । यो सबै शक्ति/अधिकार एउटै व्यक्ति/एकाईमा दिँदा शासक जतिसुकै लोकतान्त्रिक भए पनि निरङ्कुशताको सिर्जना हुन्छ, स्वेच्छाचारिता बढ्छ, नागरिकको स्वतन्त्रता समाप्त हुन्छ । त्यसकारण राज्यशक्तिलाई विभिन्न एकाईमा विभाजन गर्नुपर्छ भन्ने मान्यता राख्ने सिद्धान्त शक्ति पृथकीकरण हो । यो सरकारका तीन अङ्गको कार्यविभाजन हो । शासनमा स्वेच्छाचारिताको अन्त्य गर्दै नागरिकका हक-अधिकारको रक्षा गर्नु यसको उद्देश्य हो । शक्ति पृथकीकरणको आधुनिक व्याख्याता फ्रान्सका दार्शनिक मन्टेस्क्युले सन् १७४७ मा यस सिद्धान्तलाई निम्न तीन आधारमा प्रस्ट पारेका छन् :

- क. एउटै व्यक्ति एकभन्दा बढी अङ्गमा संलग्न हुनुहुँदैन । जस्तै : मन्त्रीहरू संसद् सदस्य हुनुहुँदैन ।
- ख. एक अङ्गले अर्को अङ्गलाई हस्तक्षेप गर्नुहुँदैन । जस्तै : न्यायपालिका अन्य अङ्गबाट स्वतन्त्र र स्वायत्त हुनुपर्छ ।
- ग. एक अङ्गले अर्को अङ्गको काम गर्नुहुँदैन । जस्तै : मन्त्रीले कानुन निर्माणकार्य गर्नुहुँदैन ।
- समग्रमा सरकारका अङ्गको स्वतन्त्रता र स्वायत्तता शक्ति पृथकीकरण हो । त्यसैगरी, शक्ति सन्तुलन र नियन्त्रण भनेको एक अङ्गले आफ्नो कार्यक्षेत्रको सीमा नाघेमा अर्को अङ्गले रोक्ने व्यवस्था हो । राज्यको कानुन बनाउने सर्वोच्च निकाय व्यवस्थापिका हो भने राज्यको कानुन कार्यान्वयन गराउने मन्त्रीसहितको मन्त्रिपरिषद् कार्यपालिका हो । त्यसैगरी, संविधान र कानुनको व्याख्या गर्ने आधिकारिक निकाय न्यायपालिका हो । राज्यका यी तीन अङ्गले गर्ने कार्य पृथक-पृथक छन्, आफ्नो कार्यक्षेत्रका विषयमा यी स्वतन्त्र र स्वायत्त छन् । तर, यीमध्ये कुनै एकले आफ्नो सीमा उल्लङ्घन गरेमा अर्कोले रोक्ने गर्छ । यो शक्ति सन्तुलन र नियन्त्रण हो ।

● **नेपालको संविधानमा व्यवस्था :**

- नेपालमा सङ्घीय प्रणाली लागू भएकाले मुलुकमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार छन्, सोहीअनुरूप नेपालको संविधानमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरण र शक्ति सन्तुलन एवम् नियन्त्रणसम्बन्धमा भएको व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● **शक्ति पृथकीकरण**

● **कार्यपालिका**

- नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने, धारा ७५ (१)
- प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न नसकिने, धारा १०० (४)
- प्रदेशको कार्यकारी अधिकार प्रदेश मन्त्रिपरिषद्मा रहने,
- स्थानीय तहको कार्यकारी अधिकार गाउँ/नगर कार्यपालिकामा रहने,

● **व्यवस्थापिका**

- सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिने, धारा ११०, विधेयक पारित गर्ने, धारा १११, विधेयक फिर्ता लिने, धारा ११२ जस्ता विषय व्यवस्थापिका संसद्को अधिकार,
- सङ्घीय संसद्को बैठकमा पूर्ण वाक् स्वतन्त्रता, विचार राखेको आधारमा संसद् सदस्यलाई पक्राउ नगरिने, थुनामा नराखिने, मुद्दा नचलाइने व्यवस्था, सदनको अवहेलनामा सजायको व्यवस्था, (सचेत, नसियत, तीन महिना कैद वा दस हजार रुपियाँ जरिवाना) धारा १०३
- सङ्घीय संसद्को बैठकमा अनाधिकार उपस्थित भएमा जरिवाना व्यवस्था, (प्रत्येकपटकका लागि पाँच हजार जरिवाना) धारा १०२
- प्रदेशसभा र गाउँ/नगरसभाले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा कानुन बनाउने अधिकार,

● **न्यायपालिका**

- न्यायसम्बन्धी अधिकार अदालतबाट मात्र प्रयोग हुने, धारा १२६
- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा हुने, सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या, कानुनी सिद्धान्त, आदेश एवम् फैसला सबैले पालना गर्नुपर्ने, अवज्ञा गरेमा अवहेलनामा सजाय हुने, धारा १२८
- अदालतमा विचाराधीन मुद्दामा सङ्घीय संसद्को कुनै सदनमा छलफल नगरिने, बहसमा बन्देज, धारा १०५

● **शक्ति सन्तुलन र नियन्त्रण**

● **कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन र नियन्त्रण**

- **क. कार्यपालिकाले व्यवस्थापिकामाथि नियन्त्रण**
- विधेयकमा व्यवस्थापिकाको पूर्ण अधिकार भए पनि अर्थ विधेयक र सुरक्षा निकाय (सेना, प्रहरी) सँग सम्बन्धित विधेयक सरकारी विधेयकका रूपमा सरकारले मात्र प्रस्तुत गर्ने, धारा ११० (२)
- ऐन बनाउने अधिकार व्यवस्थापिकाको भए पनि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले ऐनसरह मान्य हुने अध्यादेश जारी गर्न सक्ने, धारा ११४
- **ख. व्यवस्थापिकाले कार्यपालिकामाथि नियन्त्रण**
- प्रधानमन्त्री र मन्त्रीहरू सामूहिक रूपमा सङ्घीय संसद्प्रति उत्तरदायी हुने, धारा ७६ (१०), प्रधानमन्त्रीमाथि विश्वास मत र अविश्वासको मत प्रतिनिधिसभाले गर्ने, एक चौथाइ सदस्यले अविश्वासको प्रस्ताव पेस गर्न सक्ने, अविश्वास प्रस्ताव बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने, धारा १००
- अध्यादेश सङ्घीय संसद्को अधिवेशन चलेको अवस्थामा मात्र सरकारले जारी गर्ने हो र जारी भएपछि बसेको दुवै सदनले स्वीकार नगरेमा त्यस्तो अध्यादेश स्वतः निष्क्रिय हुने हो, धारा ११४
- सरकारका नीति तथा कार्यक्रम, बजेट संसद्बाट पारित गर्नुपर्ने ।
- कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन र नियन्त्रण

● **क. कार्यपालिकाले न्यायपालिकामाथि नियन्त्रण**

- प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्ने संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहने र कानुन तथा न्यायमन्त्री सदस्य रहने व्यवस्था, धारा २८४ त्यस्तै न्यायाधीशको नियुक्ति, सरुवा, कारबाही, बर्खास्ती, न्याय प्रशासनजस्ता विषयको सिफारिस गर्ने एवम् परामर्श दिने न्याय परिषद्मा सरकारको तर्फबाट कानुन तथा न्यायमन्त्री सदस्य रहने र प्रधानमन्त्रीले सिफारिस गरी राष्ट्रपतिबाट नियुक्त भएको एक कानुनविद् सदस्य रहेको, धारा १५३ त्यसैगरी न्याय सेवाको राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा, बढुवा, विभागीय कारबाहीको सिफारिस गर्ने न्याय सेवा आयोगमा कानुन तथा न्यायमन्त्री र महान्यायधिवक्ता सदस्य रहने व्यवस्था, धारा १५४,

● **ख. न्यायपालिकाले कार्यपालिकामाथि नियन्त्रण**

- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा हुने, सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या, कानुनी सिद्धान्त, आदेश एवम् फैसला सरकारका सबै निकायले पालना गर्नुपर्ने, अवज्ञा गरेमा अवहेलनामा सजाय हुने, धारा १२८
- व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन र नियन्त्रण

● **क. व्यवस्थापिकाले न्यायपालिकामाथि नियन्त्रण**

- प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्ने संवैधानिक परिषद्मा प्रतिनिधिसभाको सभामुख र उपसभामुख र राष्ट्रियसभाको अध्यक्ष सदस्य रहने व्यवस्था, धारा २८४
- प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश एवम् न्याय परिषद्का सदस्यको संसदीय सुनुवाइ हुने व्यवस्था, धारा २९२
- सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन सङ्घीय संसद्मा छलफल हुने, संसद्ले सुझाव दिन सक्ने, धारा १३८

● **ख. न्यायपालिकाले व्यवस्थापिकामाथि नियन्त्रण**

- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा हुने, सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या, कानुनी सिद्धान्त, आदेश एवम् फैसला सबैले पालना गर्नुपर्ने, अवज्ञा गरेमा अवहेलनामा सजाय हुने, धारा १२८
- सर्वोच्च अदालतको प्रधानन्यायाधीश एवम् न्यायाधीशको पारिश्रमिक तथा सुविधाको रकम र सर्वोच्च अदालतको प्रशासनिक व्यय सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने, संसद्को स्वीकृति आवश्यक नपर्ने, धारा ११८



- सङ्घीय संसद्को कुनै सदस्यको अयोग्यतासम्बन्धी प्रश्नको अन्तिम निर्णय सर्वोच्च अदालतको संवैधानिक इलजासले गर्ने, धारा ९०

२. **महालेखा परीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकारबारे उल्लेख गर्नुहोस् । साथै, महालेखा परीक्षकले औचित्यका आधारमा परीक्षण गर्ने विषयबारे संक्षेपमा वर्णन गर्नुहोस् ।**

✍ नेपालको संविधानले महालेखा परीक्षकको नियुक्ति, काम, कर्तव्य र अधिकारबारे व्यवस्था गरेको छ । जसअनुसार नेपालमा एक महालेखा परीक्षक हुने, जसको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने, निजको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने र निजको पुनः नियुक्ति नहुने व्यवस्था छ ।

● **महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार :**

- सबै सङ्घीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी गर्ने,
- ५० प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गरिने, त्यस्तो सङ्गठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तसम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्ने,
- महालेखा परीक्षकलाई लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुने, महालेखा परीक्षकले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने,
- लेखापरीक्षण गरिने लेखा महालेखा परीक्षकले तोकेको ढाँचामा राख्ने,
- महालेखा परीक्षकले औचित्यका आधारमा परीक्षण गर्ने विषय
- लेखापरीक्षण ऐन-२०७५ ले महालेखा परीक्षकले औचित्यका आधारमा परीक्षण गर्ने विषयको व्यवस्था गरेको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- निकासाअनुसार खर्च गरेको भए पनि बेमनासिव तरिकाले गरेको खर्च र निकासा,
- राष्ट्रिय धनको हानि-नोक्सानी हुनेगरी भएको खर्च र निकासा,
- चल-अचल राष्ट्रिय धन त्याग गर्नेगरी जारी गरिएका सबै निकासा,
- सार्वजनिक निर्माण, मर्मत सम्भार, खरिद तथा आपूर्ति, परामर्श सेवासम्बन्धी ठेक्का र सम्झौता, सेवाप्रवाह, सार्वजनिक खर्च, राजस्व परिचालनलगायत विविध आर्थिक कारोबार,
- बेरुजुका सामान्य कलम तथा औचित्वयको दृष्टिकोणबाट उल्लेखनीय र महत्त्वपूर्ण नदेखिएका अन्य कलम महालेखा परीक्षकले आफ्नो प्रतिवेदनमा समावेश नगर्न सक्ने ।

३. **वित्तीय उत्तरदायित्व भनेको के हो ? नेपालमा के-कस्ता विषयमा क-कसले वित्तीय उत्तरदायित्व वहन गर्नुपर्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ सरकारी आय व्यय, आर्थिक कारोबार, वित्त व्यवस्थापनलगायतका कार्यमा जिम्मेवार बन्ने, जवाफ दिने, प्रतिवेदन गर्ने, पारदर्शिता ल्याउने कार्यलाई वित्तीय उत्तरदायित्व भनिन्छ । यो आर्थिक अनुशासन परिपालनको कार्य हो । यसले प्रक्रियाभन्दा नतिजामा जोड दिन्छ, कार्यलाई प्रतिफलयुक्त बनाउँछ । यो आर्थिक कार्यमा मितव्ययिता, दक्षता र प्रभावकारिता ल्याउने कार्य पनि हो । यो वित्तीय सुशासन पनि हो ।

● **नेपालमा वित्तीय उत्तरदायित्व वहन गर्नुपर्ने पदाधिकारी र विषय :**

- नेपालमा सङ्घ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न तर्जुमा गरिएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व ऐन-२०७६ ले देहायका विषयमा देहायका पदाधिकारीले वित्तीय उत्तरदायित्व वहन गर्नुपर्ने व्यवस्था छ :
- विभागीय मन्त्री/राज्यमन्त्री, संवैधानिक निकायको प्रमुखले वहन गर्नुपर्ने वित्तीय उत्तरदायित्व
- योजना छनोट गर्ने,
- मध्यमकालीन खर्च संरचना तयार गर्ने,
- बजेट प्रस्ताव गर्ने,
- सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने,
- बजेट समर्पण गर्ने गराउने,
- योजना तथा कार्यक्रम अनुगमन गर्ने ।
- लेखा उत्तरदायी अधिकृत/सचिवले वहन गर्नुपर्ने वित्तीय उत्तरदायित्व
- लेखा राख्ने,
- खर्च गर्ने,
- बेरुजु फर्स्यौट गर्ने गराउने,
- कार्यालय प्रमुखले वहन गर्नुपर्ने वित्तीय उत्तरदायित्व
- राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने,
- वित्तीय विवरण तयार गर्ने,
- लेखापरीक्षण गराउने ।

● **वित्तीय उत्तरदायित्व वहन भए नभएकोसम्बन्धमा निगरानी व्यवस्था :**

- विभागीय मन्त्री/राज्यमन्त्रीबाट वित्तीय उत्तरदायित्व वहन भए-नभएकोसम्बन्धमा प्रधानमन्त्रीबाट निगरानी हुने,
- लेखा उत्तरदायी अधिकृत/सचिवबाट वित्तीय उत्तरदायित्व वहन भए-नभएकोसम्बन्धमा संवैधानिक निकायको हकमा त्यस्तो निकायको प्रमुखबाट र अन्य निकायको हकमा सम्बन्धित निकायको मन्त्री वा राज्यमन्त्रीबाट निगरानी हुने,

● **वित्तीय विवरणसम्बन्धी व्यवस्था :**

- प्रदेश र स्थानीय तहको वित्तीय विवरण स्थानीय तहले आफ्नो आय र व्ययको समग्र एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने,
- प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको आय व्ययको विवरण र प्रदेशभित्रका स्थानीय तहको आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने,

● **एकीकृत वित्तीय विवरण :**

- सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणका आधारमा महालेखा नियन्त्रक कार्यालयले एकीकृत वित्तीय विवरण तयार गर्ने,
- कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयको आय व्ययको विवरण र स्थानीय तहको आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने,
- महालेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणका आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउनुपर्ने, अर्थ मन्त्रालयले यसरी प्राप्त एकीकृत वित्तीय विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सार्वजनिक गर्नुपर्ने ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL